Coronavirus CivActs Campaign presents

CIVIC ACTION TEAMS

# FAIR FACTS

अंक
११४
२९।०३।२०७८



## गौरीफन्टा नाकाबाट कामको खोजीमा भारत जानेको भिड, अहिले दैनिक २ हजार जना भन्दा बढी नेपाली यही नाका भएर भारत गईरहेकाछन् ।

*तस्विर: गंगा भण्डारी*




चीनबाट आउनुपर्ने ३० लाख डोज खोप मध्ये ८ लाख डोज भेरोसेल खोप नेपाल आयो । खोप योजना अनुसार लक्षित समुहलाई प्रदान गरिने ।

*थप विवरणहरुको लागि यहाँ क्लिक गर्नुहोस्*

## यस अंक भित्र

**कोभिड प्रतिकार्यमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाको योगदान**
जम्मा २८२ संस्थाले २ अर्ब ५७ करोड ५६ लाख बराबरको रकम योगदान गरेकाछन् ।

**साउदी अरबमा जाने श्रमिकले क्वारेन्टाईनमा बस्दा लाग्ने खर्च तिर्नु पर्दैन रे ।**
साउदी श्रम प्रणालीले समेट्ने नेपाली श्रमिकहरुको संस्थागत क्वालेन्टाईन खर्च सम्बन्धित रोजगारदाताले व्यहोर्नु पर्नेछ ।

**कोरोना कहरमा पर्दा पछाडीका असली हिरो भुषाल**
जनशक्ति र उपकरणको अभाव हुँदा समेत उनको टिमले एक दिनमा १२ सय नमुना सम्म परीक्षण गर्‍यो ।

# फ्याक्ट सिट

## कोभिड प्रतिकार्यमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाको योगदान

**जम्मा सहयोग : रु. २,५७,५६,९६,६२३**

अन्तरराष्ट्रिय गैर सरकारी संस्था
रु. १,५३,६९,१५,३३४

गैर सरकारी संस्था
रु. १,०३,८७,८१,२८९




**जम्मा लाभग्राही : ५९,८०,३५७ जना**

प्रत्यक्ष
७,५५,३१९ जना

अप्रत्यक्ष
५२,२५,०३८ जना




**जम्मा योदानकर्ता**
**२८२ संस्था**

खाद्य सुरक्षा
५४

स्वास्थ्य
१००

जोखिम सञ्चार र समुदाय परिचालन
३४

आवास/वास
२३

शिक्षा
२३

अन्य
४५

कोभिड - १९ प्रतिकार्यमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैर सरकारी संस्थाले गरेको योगदान सम्बन्धी तथ्यांक समाजकल्याण परिषदले एकिकृत गरेको छ । जसमा जम्मा २८२ संस्थाले २ अर्ब ५७ करोड ५६ लाख बराबरको रकम योगदान गरेकाछन् । जुन योगदानबाट प्रत्यक्ष रुपमा ७ लाख ५५ हजार जना र अप्रत्यक्ष रुपमा ५२ लाख २५ हजार जना व्यक्ति लाभान्वित भएकाछन् । यो सहयोग नगद र उपकरण दुबै माध्यमबाट भएको थियो । जसले सरकारलाई कोरोना महामारी विरुद्ध लड्न मजबुत आधार दिएको छ ।

स्रोत: https://www.swc.org.np/sites/default/files/suchana/FlashReport_infograph_July%209.pdf

# हल्ला र तथ्य

खोप लगाईसकेपछि आधा घण्टासम्म खोप केन्द्रमै बस्नुपर्छ रे, किन होला ?

हो, खोप लगाएका व्यक्ति खोप लगाईसकेछि आधा घण्टा खोप केन्द्रमै बस्नु पर्दछ । खोप लगाईसकेपछि खोपले तुरुन्त कुनै नकारात्मक प्रतिकृया गर्दा तत्काल उपचार गर्न सजिलो होस भन्नका लागि यसो गरिन्छ । विशेष गरेर खोप लगाईसकेपछि तत्काल प्रेसर जाँच गरिन्छ र आधा घण्टापछि फेरी प्रेसर जाँच गरेर ठिक भएको सुनिश्चित गरेपछि खोप लगाएको व्यक्तिलाई घर जान दिईन्छ ।

Source: https://cutt.ly/5mOiZZZ

साउदी अरबमा जाने श्रमिकले अब क्वारेन्टाईनमा बस्दा लाग्ने खर्च तिर्नु पर्दैन रे।

कोभिड - १९ विरुद्ध खोपको मात्रा पुरा नगरेका विदेशी नागरिक साउदीमा अवतरण गरे पश्चात अनिवार्य सात दिन संस्थागत क्वारेन्टाईनमा वस्नु पर्दछ । जसको खर्च करिब एक हजार अमेरिकी डलर हुनआउँछ । अब भने साउदी श्रम प्रणालीले समेट्ने नेपाली श्रमिकहरुको संस्थागत क्वालेन्टाईन खर्च सम्बन्धित रोजगारदाताले व्यहोर्नु पर्नेछ । त्यसै गरेर, घरेलु कामदारको हकमा क्वालेन्टाईनमा लाग्ने खर्च सम्बन्धित रिक्रुटिङ एजेन्सीले व्यहोर्नु पर्नेछ ।

Source: https://dofe.gov.np/DetailPage.aspx/id/184/lan/ne-NP

भूकम्प प्रभावितले नीजि आवास पुनर्निर्माण बापत जेष्ठ मसान्त भित्र अन्तिम किस्ता लिईसक्नु भनेको थियो । कोरोनाले गर्दा लिन पाईएन । अब पाईदैन भन्ने सुनिन्छ नी ।

कोरोनाका कारण त्यसरी बञ्चित नीजि आवास पुनर्निर्माण तथा प्रवलिकरण लाभग्रीले सम्बन्धित स्थानीय तहको सिफारिसमा अनुदानको बाँकी किस्ता २०७८ कार्तिक मसान्त सम्म पाउनेछन् । त्यसका लागि सम्बन्धित लाभग्राहीले २०७८ कार्तिक मसान्त भित्र आफ्नो वडा कार्यालयमा निवेदन दिईसक्नु पर्नेछ ।

Source: https://cutt.ly/gml3tjX

# कोभिड - १९ को समयमा सिमानाकामा समस्या

## भारतसँग जोडिएका अधिकांश सिमानाका बन्द हुँदा आम नागरिक निराश

COCAP



नेपालमा रोजगारी नपाएका व्यक्तिहरु



बिउबिजनका लागि भारतमा निर्भर किसानहरु



भारतसँग व्यापारिक परनिर्भरता भएका व्यवसायिहरु

सिमानाका खुला गर्ने माग सहितका

**१४ घटना दर्ता**

फेब्रुअरी २०२० — जनवरी २०२१

# आर्थिक मन्दी



*स्पष्टिकरण: यो तथ्यांक अनलाईन मिडिया, राष्ट्रिय दैनिकहरु, जिल्ला स्तरमा प्रकाशित हुने पत्रपत्रिकाहरु र नेपाल प्रहरीको वेवसाईटबाट संकलन गरी एकिकृत गरिएको हो । त्यसैले, यसले वास्तविक तथ्यांक भन्दा पनि तोकिएको समयमा सम्बन्धित घटनाको प्रवृत्तिलाई उजागर गर्दछ ।*

कोरोना भाईरसको संक्रमण नफैलियोस भन्नका लागि नेपालले कोरोना महामारी शुरु भएदेखी नै भारतसँग जोडिएका सिमानाकाहरु बन्द गऱ्यो । तर, लामो समयसम्म पनि सरकारले सिमानाका खोल्ने कुनै तयारी नगर्दा आम नागरिक आक्रोसित हुनथाले । किसानहरु भारतबाट बिउबिजन किन्न नपाएकोमा गुनासो गर्नथाले । महामारीको बेला नेपाल फर्केका श्रमिकहरु फेरी काममा फर्कन पाएनन् । सिमापार व्यापार गर्नेहरुको व्यापार नराम्ररी प्रभावित हुनथाल्यो । महामारीको समयमा सिमानाका बन्द गर्नु सहि निर्णय भएपनि, व्यवसायी र भारतसँग परनिर्भर अन्य नागरिकलाई सरकारले विकल्प दिन नसक्दा बाध्य भएर उनिहरु विरोधमा उत्रिनुपऱ्यो । यसले नेपालको अर्थतन्त्रमा पनि ठुलो असर गऱ्यो । पहिलो पटक लकडाउन भए पश्चात समाधानका विकल्प दिन सरकारसँग प्रयाप्त समय थियो, तर सरकार यसमा चुकेपछि नागरिकलाई स्वास्थ्य सुरक्षा मापदण्डको बेवास्ता गरी सिमापार जान बाध्य बनायो ।

Source: https://nepalmonitor.org/

## तोकिएको खोपको पूर्ण मात्रा लगाएकाले कतार अवतरण गर्दा क्वारेन्टाईनमा बस्नु नपर्ने

### कतारः




- कतारको स्वास्थ्य मन्त्रालयले तोकेको खोप लगाइसकेका नेपाल लगायत अन्य देशका नागरिक कतार फर्कदा अब होटेल क्वारेन्टाईन बस्नुपर्ने छैन । तर, कतार फर्कनु भन्दा १२ घन्टा पहिले एथराज एपको वेव साइटमा गएर बिवरण भने भर्नुपर्ने छ ।

- आप्रवासी नागरिक तथा वर्किङ भिषा भएका पर्यटकले कतार छोडेर गएको ६ महिना भित्र फर्किदा पनि आईडीको म्याद भए इन्ट्री परमिट नचाहिने भएको छ । ६ महिना पुरा भएका र आईडी म्याद सकिएकाहरुले तोकिएको जरिवाना तिरेर नविकरण गर्नुका साथै रिइन्ट्री परमिट लिनुपर्ने छ ।

- खोप पुरा डोज नलगाएकोहरुले अनिवार्य रुपमा होटल क्वारेन्टाईनमा बस्नुपर्ने छ । डिस्कभर कतारको वेबसाइटमा गएर होटेल बुकिङ गर्न सकिने छ । होटेलमा १० दिन र मेकानाइकमा १४ दिन बस्नुपर्ने छ ।
- कतारमा पर्यटक र पारिवारिक भिषा जुलाई १२ देखि खुल्ने छ ।

- २०२२ मा हुनलागेको विश्वकपको उद्घाटन खेल नोभेम्बर २१ मा अल खोर स्थित अल बायत रंगशालामा हुनेछ ।

- सार्वजनिक स्थलमा मास्क नलगाई हिडने, सामाजिक दुरी कायम नगर्ने र मोबाइलमा एथराज एप इन्स्टल नगर्ने मानिसहरु पक्राउ पर्ने क्रम जारी छ ।

- कतारका लागि हप्ताको सातैदिन कतार एयरवेज र नेपाल एयरलाईन्सको उडन भईरहेको छ ।

### साउदी अरेबियाः




- सबैलाई दोश्रो डोज खोप लगाउन आग्रह गरिएको छ ।

- • मानव सम्साधन एवंम् सामाजिक विकास मन्त्रालयले साउदिमा कार्यरत आप्रवासी कामदारहरु आफ्नो हक अधिकार र कर्तव्य को बारेमा कत्तिको सचेत छन् भनेर बुझ्न अनलाइन मार्फत सर्वेक्षण गर्दैछ । उक्त सर्बेक्षणमा सहभागी हुन www.hrsd.gov.sa मा गएर सहभागिता जनाउन सकिने छ ।

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ।

LIVE

# कथा किनाराको

## कोरोना कहरमा पर्दा पछाडीका असली हिरो भुषाल

जसरी युद्धमा सिपाहिले आफुलाई गोली लाग्नसक्छ भन्ने थाहा हुँदाहुँदै पनि मैदानमा उत्रिएर युद्ध गर्छ, त्यसै गरी आफु र आफ्नो परिवारलाई समेत जोखिममा राखेर दिनरात, भोक प्यास नभनी आफ्नो काममा खटिरहे, डडेल्धुरा अस्पतालका ल्याब ईन्चार्ज ईश्वरी प्रसाद भुषाल । भुषाल सहित ४ जनाको टिमले डडेल्धुरा अस्पतालमा उदाहरणिय काम गरिरहेको छ ।

नेपालमा कोरोना संक्रमणको त्रास भित्रिसकेको थियो, विस्तारै त्राससँगै संक्रमण पनि फैलियो । त्यो समयमा कोरोना  जाँच गर्ने एउटा मात्रै भरपर्दो विधी भनेको पि.सि.आर. थियो । तर, त्यो परिक्षण विधी नेपालमा आएको थिएन । काठमाण्डौमा समेत नभएको पि.सि.आर. परीक्षण सुदूरपश्चिममा हुने कुरै भएन । यहाँ सम्म कि, कोरोना परिक्षण गर्न प्रयोग हुने भिटीएम समेत पुरै सुदूरपश्चिम भरी थिएन । त्यस्तो  कठिन परिस्थितिमा अस्पतालले भने ईन्फ्लुएन्जाका लागि भनेर राखिएको १० ओटा भिटीएममा कोरोनाको नमुना संकलन गरेर परीक्षणका लागि बाहिर पठाईएको थियो ।

जनशक्ति र उपकरणको अभाव हुँदा समेत उनको टिमले एक दिनमा १२ सय नमुना सम्म परीक्षण गऱ्यो । सरकारले स्वास्थ्यकर्मीलाई १४ दिन काम गरेर १४ दिन आईसोलेशनमा बस्ने सुविधा दिएको थियो, तर बढि भन्दा बढि परीक्षण कसरी गर्न सकिन्छ भनेर उनको टिमले कुनै बिदा नलिएर काम गऱ्यो । बिरामीको नमुना परिक्षण गर्दैगर्दा भुषाल, सँगै काम गर्ने स्वास्थकर्मीहरुको कोरोना परिक्षण गर्न समेत भुले ।



> सुगरको बिरामी रहेका उनका सहकर्मीले शौचालय जाने समय पाएनन् । त्यसको विकल्पमा प्याड लगाएर चौबिसै घण्टा काम गरे । त्यसमाथी खाना खान होटलमा जाँदा स्वास्थ्यकर्मी हो भन्ने थाहा पाएर होटलले खाना दिएनन् । तर पनि उनको काम गर्ने हौसला डगमगाएन ।



उनकी श्रीमती पनि डडेल्धुरा अस्पतालमै स्टाफ नर्सको रुपमा कार्यरत छिन । उनिहरुका ८ वर्षिय छोरा छन् । कोरोना महामारीको सामयमा दुबै जना स्वास्थ्य क्षेत्रमा काम गरिरहँदा छोरालाई आफुहरुबाट कोरोना संक्रमण नसरोस भनेर महेन्द्रनगर स्थित मामाघरमा पठाए । यसको उपयुक्त अर्को विकल्प उनिसँग थिएन । अहिले उनी एक डेढ महिना भित्र नेगेटिभ प्रेसर सहितको बि.एस.एल. प्लसको ल्याव सञ्चालनमा ल्याउन लारिपरेकाछन् । यो ल्याब सञ्चालनमा आएपछि यहाँका जनताले कोरोना लगाएत अन्य घातक रोगको परिक्षणका लागि बाहिर जानुपर्ने छैन ।

# भोइसेस आउट लाउड - मेरो कुरा



कृष्ण बहादुर आले मगर

अहेब,
धुलिखेल संजिवनी आईसोलेशन, काभ्रे

संक्रमितहरु आईसोलेशनमा आउँदा निराश अनुहार लिएर आउँथे । त्यस बेला उनीहरुलाई आत्मबलको खाँचो हुन्थ्यो । आईसोलेशन केन्द्रमा खटिने क्रममै म आफै पनि कोरोना संक्रमित हुन पुगेको थिएँ । मैले आफ्नै उदाहरण दिएर परामर्श दिने काम गरेँ । अहिले बाहिर हेर्दा कसैले पनि बिरामी पर्दा दुःख पाईन्छ भनेर मनन् गरेको देखिँदैन । यो कती कष्टकर छ, आफुले भोगदामात्र थाहा हुन्छ । एक पटक कल्पना गरौं आफ्नै कारणले हामी संक्रमित भयौं, जताततै औषधी उपकरणको अभाव मात्र छ, अस्पतालमा ठाउँ छैन । त्यसबेला के होला ? त्यसैले सचेत रहौं, सुरक्षित रहौं ।

कोभिडको पहिलो लहरमा म कार्यरत अस्पतालले जम्मा २९ वटा आइसियु र १० वटा भेन्टिलेटर छुट्याएको थियो । त्यो पर्याप्त जस्तै थियो । तर, दोस्रो लहरमा ५६ वटा आइसियु र १९ वटा भेन्टिलेटरको व्यवस्था गर्दा पनि अपुग भयो । तेस्रो लहर आयो भने कतिको भयावह रुप लिएर आउने हो थाहा छैन । हाम्रो तयारी प्रयाप्त हुन्छ वा हुदैन, त्यो पनि थाहा छैन । सबै नागरिकले चाँडै खोप पाईहाल्ने अवस्था पनि देखिदैन । त्यसैले तेस्रो लहर ननिम्त्याउनु नै बुद्धिमानी हुन्छ । त्यो हाम्रै हातमा छ । स्वास्थ्य अनुशासनको पालना गर्नुको अर्को विकल्प हामिसँग छैन ।

प्रा.डा. टु माया घल

कोभिड फोकल पर्सन,
गण्डकी मेडिकल कलेज, पोखरा



# FAIR FACTS

is a product of:

CIVIC ACTION TEAMS

**फेयर फ्याक्ट्स** महामारीको संकट समाधान तर्फको भरपर्दो साथी हो जसले सक्रिय नागरिक, जिम्मेवार नेतृत्व र जवाफदेही निकायलाई एक सुत्रमा जोड्दछ । साथसाथै, कोभिड - १९ सम्बन्धी गलत सूचना र हल्लाले निम्त्याउने समस्यालाई तथ्यमा आधारित जानकारीको माध्यमबाट समाधान गर्न प्रयास गर्दछ । कोरोनाले सृजित जटिल स्वास्थ्य संकट, जनजिविका र सामाजिक असुरक्षा जस्ता अतिनै संवेदनशिल विषयमा छिटो र विश्वसनिय सूचना संकलन गरी व्यवहारिक विश्लेषणको आधारमा समस्याको समाधान खोज्दछ ।

कोभिड - १९ फगत स्वास्थ्यसंग सम्बन्धित संकटमात्र होइन, यसले शासन प्रणालीको जवाफदेहिता नेतृत्वको निष्ठा र सामाजिक मुल्य मान्यतालाई पनि प्रभावित पार्दछ । Civic Action Team कोरोना भाईरसलाई परास्त गर्न नसुनिएका किनाराका कथा र आवाजहरुको शक्तिलाई निष्पक्ष, पारदर्शी र न्यायोचित प्रतिकार्यमा उपयोग गर्न कृयाशिल सकृय र सृजनशिल समुदायको साझा मञ्च हो ।



Brought to you by:

accountabilitylab communities

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले विगत एक हप्तामा बिभिन्न व्यक्तिसँगाको प्रत्यक्ष तथा अप्रत्यक्ष संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**REACH OUT TO US ON**


@CivicActionTeams

@civacts

@CivActs

Civic Action Teams

/accountability_lab

Email: civactsnp@accountabilitylab.org

Phone: 9851203219